# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा, कोशी प्रदेश, नेपाल

## नदीजन्य पदार्थको उत्खनन् तथा विक्रीको लागि बोलपत्र आह्वान सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मितिः २०८३/०६/०९)

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ (क), आन्तरिक आय संकलन (ठेक्का बन्दोबस्त ) कार्यविधि, २०७५, ढुङ्गा, गिटी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ तथा प्रथम संशोधन २०७९, कोशी प्रदेश आर्थिक ऐन २०८३, यस अर्जुनधारा नगरपालिकाको आर्थिक ऐन २०८३ तथा अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको मिति २०८३/०६/०८ गतेको निर्णय अनुसार तपसिलमा उल्लेखित नदीहरुको स्वीकृत घाटहरुमा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुले फर्मको नविकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, आ.व. ०८२/०८३ को कर चुक्ता प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु साथै आवश्यक अनुसार अख्तियारी पत्र समेत संलग्न गरी तपसील बमोजिमका सर्तहरुका अधिनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र. सं. | ठेक्का नं. | उत्खनन हुने क्षेत्र | उत्खनन परिमाण(घ.मि.) | न्यूनतम कबोल रकम रु. (भ्याट बाहेक) | बोलपत्र दस्तुर(रु.) |
|---|---|---|---|---|---|
| १ | AM/IR/01 083-084 | बिरिङ | ३५,००० | १,१७,६१,५६०.९३ | ४,००० |
| २ | AM/IR/02 083-084 | नेते तथा टाङटिङ | ६८,६५० | २,३५,१६,२३५.३ | ४,००० |
| ३ | AM/IR/03 083-084 | सुखानी तथा टाङटिङ | ७८,९७५ | २,७०,५३,०९०.८ | ४,००० |

बोलपत्र फारम खरिद गर्ने अन्तिम मितिः २०८३ असोज २३ गते दिनको १२ बजेसम्म

बोलपत्र बुझाउने अन्तिम मितिः२०८३ असोज २३ गते दिनको ५ बजेसम्म

दिनेश ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

# अर्जुनधारा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

शनिश्चरे, झापा, कोशी प्रदेश, नेपाल

<u>शर्तहरु:-</u>

१. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. ०८२/०८३ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,बोलपत्र फाराम दस्तुर वापत यस कार्यालयमा नगदै तिरेको वा एन.आई.सि. एसिया बैंक शाखा कार्यालय, शनिश्चरे मा रहेको यस कार्यालयको राजस्व खाता नं. ००९२०५०५११२५८०१२ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी मिति २०८३/०६/२३ गते दिनको १२ बजे भित्र कार्यालयबाट बोलपत्र खरिद गर्न सकिनेछ र २०८३/०६/२३ गते दिनको ५ बजे सम्ममा यस कार्यालयमा दाखिला गर्न सकिनेछ । तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई बोलपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

२. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । आफूले कबोल गरेको अंकको (भ्याट सहित) ५% प्रतिशतको दरले हुने आउने धरौटी रकम यस कार्यालयको एन.आई.सि एसिया बैंक शनिश्चरे शाखामा रहेको धरौटी खाता नं. ००९२०५०५११२५८०१८ जम्मा गरि सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरि यो बोलपत्र प्रकाशन भएको मितिले कम्तिमा १२० दिनको म्याद सहित जारी गरिएको बिड बण्ड सिलबन्दी खाम साथ पेश गर्नुपर्नेछ।

३. बोलपत्रका नमेटिने मसीले लेखिएको र अधिकार प्राप्त व्यक्तिले हस्ताक्षर गरेको हुनुपर्नेछ। कुनै थपघट फेरबदल केरमेट गरिएको वा सच्याइएको स्थानमा सोहि व्यक्तिले हस्ताक्षर गरेको हुनुपर्नेछ।

४. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरि बोलपत्रदाताले प्रत्येक पानामा सहिछाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम ठेगाना कामको विवरण बोलपत्र विवरण प्रोपाइटरको नाम ठेगाना फोन नं. मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाइ मिति २०८३/०६/२३ गते दिनको ५ बजे सम्म भित्र यस कार्यालयमा हार्डकपी प्रति दर्ता गर्नुपर्नेछ।

दिनेश ढुंगाना

प्रमुख प्रशासकीय अधिकृत

# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा, कोशी प्रदेश, नेपाल


५. पेश भएको बोलपत्रको पूर्णता ग्राह्यता तथा कबोल गरेको रकमको मुल्यांकन गरी सबै भन्दा बढि रकम कबोल गर्ने सारभुत रुपमा प्रभावग्राही बोलपत्र छनौट गरिनेछ।

६. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धि कागजातहरु पेश गर्ने अन्तिम दिनको ५ बजे पछि यस कार्यालयका प्रतिनिधि निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

७. प्रि बिड बैठक यो सूचना प्रकाशन भएको मितिले ७ औं दिन दिनको १२ बजे यस नगरपालिकाको कार्यालयमा हुनेछ। ईच्छुक बोलपत्रदाताहरुले उक्त बैठकमा भाग लिइ यस सम्बन्धमा विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ। उक्त दिन विदा परेमा उक्त बैठक सोको भोलिपल्ट सोहि समयमा हुनेछ।

८. बोलपत्र सम्बन्धि विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ । बोलपत्र तयारी तथा यस प्रक्रियामा सहभागी हुनुपुर्व कार्यस्थलको सम्पुर्ण जानकारी प्राप्त गर्न बोलपत्रदाताले आफ्नै खर्च जिम्मेवारीमा स्थलगत निरीक्षण गर्न सक्नेछ। ठेक्का सम्झौता पश्चात ठेकेदार पक्ष र कार्यालयबाट संयुक्त रुपमा उत्खनन हुने नदीजन्य पदार्थको Pre Survey हुनेछ। म्याद नाघी, रित नपुगी वा शर्तसहित पेश हुन आएमा बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहेनछ ।

९. बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको मितिले ७ दिन भित्र मु.अ.कर दर्ता प्रमाणपत्र समेत लिइ कबोल अंकको प्रथम किस्ता वापत कबोल अंकको ४० प्रतिशतले हुने रकम सम्झौताको समयमा र बाँकी ६० प्रतिशतले हुने रकम बराबरको नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०८४ आषाढ मसान्तसम्म म्याद रहेको बैंक ग्यारेन्टी (परफर्मेन्स बन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ ।साथै दोश्रो किस्ता वापतको ६० प्रतिशतले आउने रकम प्रथम किस्ता बुझाएको चार महिना भित्र यस कार्यालयमा दाखिला गरिसक्नुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको रकमको १३ प्रतिशतले हुन आउने भ्याट रकम यस समेत सम्झौताको

दिनेश ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

बखतमा कार्यालयमा दाखिला गर्नुपर्नेछ। नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ।

१०. स्वीकृत भएको बोलपत्रदाताले ठेक्का कबोल रकम नगरपालिकामा एकमुष्ट बुझाउन चाहेमा कबोल अंकको (भ्याट बाहेकको) १० प्रतिशत छुट गरी बाँकी रकम एकमुष्ट दाखिला गरी सम्झौता गरिनेछ। सम्झौता भए पश्चात कार्यदिश वा चलानपुर्जी जारी भए पश्चात मात्र सम्झौता प्रारम्भ भएको मानिनेछ।

११. सम्झौता पूर्व कार्यालयले स्वीकृत बोलपत्रदातालाई उत्खनन क्षेत्रको लागि तयार गरिएको सर्भेलाइन सहितको नक्सा उपलब्ध गराउनेछ। र सो नक्सामा उल्लेखित क्षेत्रमा IEE प्रतिवेदन अनुसारको परिमाणको मात्र नदिजन्य पदार्थ उत्खनन गर्नुपर्नेछ।

१२. सम्झौता अवधि समास भए पश्चात कार्यालयले पुन उत्खनन सर्भे गर्नेछ। उत्खनन गरिएको क्षेत्रमा सम्झौता तोकिएको परिमाण भन्दा बढी उत्खनन गरिएको पाइएमा कानून बमोजिम कारबाहि गरिनेछ।

१३. स्वीकृत बोलपत्रदाताले नदीजन्य पदार्थ उत्खनन कार्यको लागि कार्यालयसँग सम्झौता भए पश्चात IEE प्रतिवेदनले तोकेको दैनिक उत्खननको परिमाणको प्रतिवेदन अनिवार्य रुपमा कार्यालयमा उपलब्ध गराउनुपर्नेछ। प्रतिवेदनको आधारमा कार्यालयले नियमानुसार उत्खनन कार्यको अनुगमन गर्नेछ।

१४. स्वीकृत बोलपत्रदाताले कार्यालयबाट प्रमाणित गराइएको बिल मात्र प्रयोग गर्नुपर्नेछ। अनुगमनको क्रममा नक्कली बिल प्रयोग भए वा गरेको पाइएमा आवश्यक कारबाहि गरिनेछ।

१५. प्रश्तावित कार्यको निमित्त छनौट भएको बोलपत्रदाता बोलपत्र प्रक्रियाको प्रतिशपर्धामा सहभागी हुँदा कुनै किसिमको भ्रष्टचार वा जालसाँजीजन्य कार्यमा संलग्न भएको ठहरिएमा वा नगरपालिकालाई कुनै पनि प्रकारको कर तथा रकम बुझाउन बाकी बक्यौता भएको ठहरिएमा नगरपालिकाले त्यस्तो बोलपत्रदातासँग खरिद सम्झौता गर्न अस्वीकार गर्नेछ।

१६. नदीजन्य पदार्थको संकलन तथा बिक्री गर्नको दररेट कोशी प्रदेश आर्थिक ऐन २०८३ को अनुसूची-६ बमोजिम कायम हुनेछ।

दिनेश दुंगाना
प्रमुख प्रशासकीय अधिकृत

# अर्जुनधारा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
शनिश्चरे, झापा, कोशी प्रदेश, नेपाल

१७. सम्झौता गर्नुअघि कुनै पनि समयमा कारण खुलाइ वा नखुलाइ कुनै पनि बोलपत्र स्वीकार वा अस्वीकार गर्ने वा बोलपत्रको प्रक्रिया रद्ध गर्ने वा सम्पूर्ण बोलपत्र अस्वीकार गर्ने अधिकार नगरपालिकामा निहित रहनेछ। यसरि रद्ध वा अस्वीकार गर्दा बोलपत्रदाता प्रति नगरपालिकाको कुनै दायित्व रहनेछैन।

१८. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ । यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाण तथा अन्य शर्तहरुका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४, ढुङ्गा गिटी बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड २०७७ तथा संशोधन २०७९, नगरपालिकाबाट जारी भएका कानून, कोशी प्रदेश आर्थिक ऐन २०८३ तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको बातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अङ्ग मानिनेछ।

नोटः विस्तृत जानकारीको लागि यस कार्यालयको Website: www.arjundharamun.gov.np मा समेत हेर्न सकिनेछ।

दिनेश ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत